मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन


"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, ऊर्जा र पूर्वाधार"

बर्षः ६ | अङ्कः ३३ | मितिः २०८३ असोज १०, शनिबार

संरक्षक : अर्जुन गुरुङ, अध्यक्ष | सल्लाहकार : विज्ञान पौडेल, प्र.प्र.अ | प्रकाशक : मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

सामाजिक विकास | शिक्षा | पूर्वधार | सीप विकास | सेवा | विविध

## भोटेकोशी बाढीपीडितका लागि मर्स्याङ्दीका जनप्रतिनिधि तथा कर्मचारीको सहयोग


मर्स्याङ्दी गाउँपालिका
MARSYANGDI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भुलभुले, लमजुङ (Bhulbhule, Lamjung)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)
066-620023
पत्र संख्या Ref. No.:-
चलानी नं. Dispatch No.:-
Email: marsyangdirm@gmail.com
Website: info@marsyangdimun.gov.np

मितिः २०८३-०५-११

॥ भावपूर्ण श्रद्धाञ्जली, समवेदना तथा मर्स्याङ्दी गाउँपालिकाको प्रतिबद्धता तथा सहयोग र अनुरोध ॥

"विपत्तिको यो कहालीलाग्दो क्षणमा, शोकलाई शक्तिमा बदल्दै एकजुट हौं।"

यही मिति २०८३ साल भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण ठूलो जनधनको क्षति भएको खबरले हामीलाई स्तब्ध र मर्माहत बनाएको छ। यस अकल्पनीय र अत्यासलाग्दो प्राकृतिक विपत्तिमा परी आफ्नो अमूल्य जीवन गुमाउनुहुने सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।
आफ्ना प्रियजन गुमाएर गहिरो पीडामा पर्नुभएका सम्पूर्ण शोकसन्तप्त परिवारजनप्रति हृदयदेखि नै गहिरो समवेदना प्रकट गर्दछौं। साथै, बाढीका कारण घाइते हुनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

हाम्रो प्रतिबद्धता तथा सहयोगः
यो अकल्पनीय दुःखको घडीमा पीडितहरूलाई राहत र मलम पट्टी लगाउनु हामी सबैको साझा कर्तव्य हो। मर्स्याङ्दी गाउँपालिका, लमजुङ यस संकटको घडीमा बाढीपीडितहरूसँगै उभिएको छ। विपत्तिको यो संवेदनशील समयमा सहयोगको हात बढाउँदै मर्स्याङ्दी गाउँपालिका, लमजुङका जनप्रतिनिधिहरूले आफ्नो आधा महिनाको सेवा सुविधा बाढीपीडितको राहतका लागि नेपाल सरकारको आधिकारीक कोषमा जम्मा गर्ने निर्णय गरेको व्यहोरा जानकारी गर्दछौं।
यस मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका नागरिक यस विपदबाट प्रभावित वा सम्पर्क विहिन हुनुभएको भए सोको विवरण पालिकामा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दै यस दुःखद र कठिन घडीमा हातेमालो गर्दै एकजुट भएर आ-आफ्नो ठाउँबाट सक्दो भौतिक, आर्थिक तथा नैतिक सहयोग गरिदिनुहुन सम्पूर्ण संघ-संस्था, समाजसेवी, उद्योगी, व्यवसायी तथा आम नागरिकहरूमा आफ्नो क्षमता अनुसारको रकम नेपाल सरकारको आधिकारिक कोषमा मात्र जम्मा गर्नु हुन समेत सम्बन्धित सबैमा जानकारी सहित हार्दिक अनुरोध गर्दछौं। ।

शोकलाई शक्तिमा बदलौं, राहत र पुनर्स्थापनामा जुटौं।

अर्जुन गुरुङ
अध्यक्ष
मर्स्याङ्दी गाउँपालिका,
भुलभुले, लमजुङ

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधार, कला संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

२०८३ भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै मर्स्याङ्दी गाउँपालिकाका जनप्रतिनिधिहरूले आफ्नो आधा महिनाको सेवा सुविधा बाढीपीडितका लागि सहयोग गर्ने निर्णय गरेका छन्।

गाउँपालिका अध्यक्ष, उपाध्यक्षसहित ४८ जना जनप्रतिनिधिको आधा महिनाको सेवा सुविधाबाट प्राप्त हुने रु. ४ लाख १४ हजार २५० नेपाल सरकारको आधिकारिक कोषमा जम्मा गर्ने निर्णय गरिएको गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले जानकारी दिनुभयो। साथै गाउँपालिका मातहतका विभिन्न तहमा कार्यरत कर्मचारीहरूले पनि तहको आधारमा तलबबाट कट्टा हुने गरि सहयोग गर्ने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेलले जानकारी दिनुभएको छ।

गाउँपालिकाले बाढीमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। विपद्को कठिन घडीमा पीडितलाई राहत र सहयोग गर्नु सबैको साझा दायित्व भएको उल्लेख गर्दै गाउँपालिकाले संघसंस्था, समाजसेवी, उद्योगी, व्यवसायी तथा आम नागरिकलाई समेत आफ्नो क्षमताअनुसार नेपाल सरकारको आधिकारिक कोषमा सहयोग गर्न आग्रह गरेको छ।

# अब आइतबार पनि मर्स्याङ्दीमा नियमित स्वास्थ्य सेवा




*"नागरिकको स्वास्थ्य, स्थानीय सरकारको प्राथमिकता।"*

नागरिकलाई नियमित, सहज र निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी तथा स्वास्थ्य सेवा इकाईहरूमा अब हरेक आइतबारसमेत स्वास्थ्य सेवा सञ्चालन हुने भएको छ।

२०८३ भदौ १५ गते बसेको गाउँ कार्यपालिकाको बैठकले आइतबार पनि बिहान ९ बजे देखि बेलुका ५ बजेसम्म नियमित स्वास्थ्य सेवा सञ्चालन गर्ने निर्णय गरेको हो।

विदाको दिनसमेत स्वास्थ्य सेवा उपलब्ध हुने भएपछि नियमित स्वास्थ्य सेवाका लागि सेवाग्राहीलाई थप सहजता पुग्ने अपेक्षा गरिएको छ।

# मर्स्याङ्दीका महिलाका लागि निःशुल्क स्त्री रोग स्वास्थ्य शिविर सञ्चालन हुँदै



मर्स्याङ्दी गाउँपालिकाका महिलाहरूलाई लक्षित गर्दै निःशुल्क स्त्री रोग स्वास्थ्य परीक्षण, परामर्श तथा उपचार शिविर सञ्चालन हुने भएको छ।

महिलाका लागि महिला संस्था, नेदरल्यान्ड्स (Women for Women Foundation, Netherlands) तथा स्वदेशी नेपाल (**SoDeSI Nepal**) को प्रायोजन र मर्स्याङ्दी गाउँपालिकाको समन्वयमा २०८३ कार्तिक २८ गतेदेखि मंसिर ३ गतेसम्म गाउँपालिकाका सबै वडामा शिविर सञ्चालन हुनेछ। शिविरमा वरिष्ठ स्त्री रोग विशेषज्ञ महिला चिकित्सकहरूबाट स्वास्थ्य परीक्षण, आवश्यक परामर्श तथा उपचार सेवा निःशल्क उपलब्ध गराइनेछ।

विशेषगरी स्त्री रोग, पाठेघर तथा प्रजनन स्वास्थ्यसम्बन्धी समस्या भएका महिलाहरूका लागि शिविर उपयोगी हुने अपेक्षा गरिएको अध्यक्ष अर्जुन गुरुङले बताउनुभयो ।

# मर्स्याङ्दीका विद्यालयमा श्रव्य-दृश्य सिकाइ , प्रविधि विस्तारको पहल



मर्स्याङ्दी गाउँपालिकाका विद्यालयहरूमा Looma Education को श्रव्य—दृश्यमा आधारित सिकाइ प्रणाली विस्तार गर्ने विषयमा काठमाडौंमा महत्वपूर्ण छलफल सम्पन्न भएको छ।

२०८३ भदौ २१ गते सम्पन्न बैठकमा Looma Education का Founder David Sowerwine, Haydi Sowerwine, Skip Stritter, नेपाल कार्यक्रम संयोजक नन्दलाल भण्डारी, Executive Administrator पुष्पा भण्डारी तथा गाउँपालिका अध्यक्ष अर्जुन गुरुङबीच प्रविधिमैत्री तथा प्रभावकारी सिकाइ प्रणाली विस्तारबारे छलफल भएको हो।

गाउँपालिकाका थप विद्यालयमा कार्यक्रम विस्तार गर्ने प्रस्तावमा सकारात्मक छलफल भई आवश्यक सहकार्य तथा सहयोग गर्ने विषयमा सहमति भएको छ।

आधुनिक प्रविधिको प्रयोगमार्फत विद्यार्थीको सिकाइलाई थप रोचक, व्यावहारिक, प्रभावकारी र दिगो बनाउने उद्देश्यले यो पहल अघि बढाइएको हो।

## आ.व. २०८३/८४ सामाजिक सुरक्षा भत्ता नवीकरण





मर्स्याङ्दी गाउँपालिकाले आ.व २०८३/८४ को सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुलाई असोज १५ गते भित्र भत्ता नवीकरण गर्न अनुरोध गरेको छ। नविकरणको अवधि असोज मसान्तसम्म भएता पनि आउदै गरेको बडादशैं अघि नै भत्ताको पहिलो त्रैमासिक किस्ता वितरण गर्ने हेतुले असोज १५ गते भित्र भत्ता नवीकरण गर्न पालिकाले अनुरोध गरेको हो।

असोज १५ पछि नवीकरण गर्ने लाभग्राहीहरुलाई भने दोस्रो त्रैमासिकमा पहिलो त्रैमासिकको सहित एकमुष्ट रकम वितरण गरिने पनि पालिकाले जानकारी गरेको छ।

आफ्नो वडामा वा पालिकामा आवश्यक प्रक्रिया पुराई लाभग्राहीकोहरुले भत्ता नवीकरण गर्न सक्नेछ। अपाङ्ग, अति अशक्त लगायत लाभग्राहीकोहरुको आवश्यकता हेरी टोल स्तरमा समेत नविकरणको व्यवस्था गरिएको छ।

## मर्स्याङ्दीमा विश्व रेविज दिवस-२०८३ विशिष कार्यक्रम




## विद्यालय सुधार र प्रविधिमैत्री शिक्षाका लागि सहकार्य विस्तार



मर्स्याङ्दी गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयका Cluster-wise शिक्षक प्रतिनिधिहरूबीच अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न भएको छ।

AUSSIE ACTION ABROAD र मर्स्याङ्दी गाउँपालिकाबीचको सहकार्य तथा सम्झौताअनुसार आयोजित कार्यक्रममा विद्यालय सुधार योजना (SIP), असल अभ्यास, विद्यालयका समस्या तथा चुनौती, आपसी सहकार्य र आवश्यक सहयोगका क्षेत्रहरूबारे छलफल तथा अनुभव आदानप्रदान गरिएको थियो।



कार्यक्रमकै अवसरमा विद्यालयको शैक्षिक तथा प्रविधिमैत्री विकासमा सहयोग पुऱ्याउने उद्देश्यले:

* धनेश्वर प्राथमिक विद्यालय, मर्स्याङ्दी—३ लाई **१ थान ल्यापटप**
* धर्मभक्त आधारभूत विद्यालय, मर्स्याङ्दी—८ लाई **रु. ५०,०००**
* नरेन्द्र प्राथमिक विद्यालय, मर्स्याङ्दी—७ लाई **रु. ५०,०००**

सहयोग हस्तान्तरण गरिएको थियो।

विद्यालयबीचको सहकार्य, असल अभ्यासको विस्तार तथा सहयोगी संस्थासँगको साझेदारीमार्फत मर्स्याङ्दीको शैक्षिक सुधार अभियानलाई थप परिणाममुखी बनाउने लक्ष्य लिइएको छ।

# राष्ट्रिय शिक्षा दिवस-२०८३






"ज्ञान, विज्ञान, सीप, उद्यम र मौलिकताः साझेदारी र प्रणालीगत सक्षमता" भन्ने मूल नाराका साथ मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा राष्ट्रिय शिक्षा दिवस—२०८३ तथा शैक्षिक एवं उत्कृष्टता सम्मान समारोह सम्पन्न भएको छ।

सामाजिक विकास समिति संयोजक एवं वडा नं. ७ का अध्यक्ष तिलबहादुर गुरुङको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष अर्जुन गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष जुनामाया थापा, प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेल, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू तथा शिक्षा शाखा प्रमुख वसन्त बरूवाललगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा SEE–२०८२ मा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थी, कक्षा ५ र ८ परीक्षामा पालिकास्तरीय उत्कृष्ट छात्र—छात्रा, उत्कृष्ट नतिजाका लागि योगदान पुऱ्याउने शिक्षक, उत्कृष्ट सामुदायिक विद्यालय तथा निवृत्त शिक्षक—कर्मचारीहरूलाई सम्मान गरिएको थियो।

## कक्षा ४ र ५ का शिक्षकका लागि निरन्तर मूल्याङ्कन सम्बन्धी तालिम सम्पन्न





मर्स्याङ्दी गाउँपालिकाअन्तर्गतका विद्यालयमा कक्षा ४ र ५ मा अध्यापनरत शिक्षकहरूका लागि निरन्तर मूल्याङ्कनसम्बन्धी पहिलो चरणको तालिम सम्पन्न भएको छ। दुई समूहमा सञ्चालन गरिएको तालिममा करिब ५० जना शिक्षक सहभागी भएका थिए।

गाउँपालिका अध्यक्ष अर्जुन गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष जुनामाया थापा, प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेल, सामाजिक विकास समिति संयोजक तिलबहादुर गुरुङ तथा.... ..शिक्षा शाखा प्रमुख बसन्त बरुवालको उपस्थिति रहेको थियो।

तालिमले शिक्षकहरूमा निरन्तर मूल्याङ्कनसम्बन्धी ज्ञान, सीप र व्यवहारिक अभ्यासलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

अध्यक्ष अर्जुन गुरुङले शिक्षकहरूमा निरन्तर मूल्याङ्कनसम्बन्धी ज्ञान, सीप र व्यवहारिक अभ्यासलाई थप प्रभावकारी बनाएर समग्र मर्स्याङ्दीको शिक्षा क्षेत्रमा सुधार गर्नका लागि समयको माग र आवश्यकताको आधारमा यस्ता तालिमहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

## नियमित एच.पि.भी. खोप कार्यक्रमका लागि पालिकास्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा सम्पन्न





मर्स्याङ्दी गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा नियमित एच.पि.भी. खोप—२०८३ सम्बन्धी पालिकास्तरीय अभिमुखीकरण तथा योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष अर्जुन गुरुङ, उपाध्यक्ष जुनामाया थापा, वडा नं. ७ का अध्यक्ष तिलबहादुर गुरुङ, वडा नं. ९ का अध्यक्ष हरिश्चन्द्र थापा, प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेल लगायतको उपस्थिति रहेको थियो। **प्रदेश जनस्वास्थ्य कार्यालयका हेल्थ असिस्टेन्ट कमल श्री ओली तथा कोल्ड चेन असिस्टेन्ट विवेक श्रेष्ठको** समेत विशेष उपस्थिति रहेको कार्यक्रममा एच.पि.भी. खोप कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने विषयमा छलफल गरिएको थियो।

गोष्ठीले असोज १४ र १५ गते खोप कार्यक्रम सञ्चालन गर्ने योजना तयार गरेको छ।

## डा. हर्क गुरुङको २०औं स्मृति दिवस तथा श्रद्धाञ्जली सभा सम्पन्न




मर्स्याङ्दी गाउँपालिका–७, ताङ्लिचोकस्थित स्व. डा. हर्क गुरुङ समाधिस्थल पार्कमा २०औं स्मृति दिवसको अवसरमा माल्यार्पण तथा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न भएको छ।

भूगोलविद्, योजनाविद् तथा राष्ट्रका प्रख्यात व्यक्तित्व स्व. डा. हर्क गुरुङको २०औं स्मृति दिवसका अवसरमा उहाँको समाधिस्थलमा माल्यार्पणसहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको हो। कार्यक्रमअन्तर्गत समाधिस्थल पार्कमा माल्यार्पण तथा श्रद्धाञ्जली अर्पणपछि मर्स्याङ्दी गाउँपालिकास्थित डा. हर्क गुरुङ बैठक कक्षमा औपचारिक श्रद्धाञ्जली सभा सम्पन्न भएको थियो।

डा. हर्क गुरुङ प्रतिष्ठानका अध्यक्ष तथा मर्स्याङ्दी गाउँपालिका–७ का वडा अध्यक्ष तिलबहादुर गुरुङको अध्यक्षता तथा मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न सभामा स्व. डा. हर्क गुरुङले नेपालको भूगोल, विकास योजना, नीति निर्माण, राष्ट्रिय पहिचान तथा समग्र विकासका क्षेत्रमा पुऱ्याउनुभएको महत्वपूर्ण योगदानको स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको थियो।

कार्यक्रममा सहभागी वक्ताहरूले स्व. डा. हर्क गुरुङका विचार, दृष्टिकोण, अध्ययन र योगदानलाई नयाँ पुस्तासम्म हस्तान्तरण गर्दै उहाँको राष्ट्रनिर्माणसम्बन्धी दृष्टिलाई संरक्षण र प्रवर्द्धन गर्नुपर्नेमा जोड दिएका थिए।

नेपालको भूगोल र विकास योजनाका क्षेत्रमा स्व. डा. हर्क गुरुङले पुऱ्याउनुभएको योगदानलाई स्मरण गर्दै उहाँका विचार तथा दृष्टिकोणलाई आगामी पुस्ताका लागि अध्ययन र प्रेरणाको स्रोतका रूपमा स्थापित गर्नुपर्ने धारणा व्यक्त गरिएको थियो।

## कृषक पोषण पाठशालामार्फत पोषणयुक्त उत्पादनतर्फ किसानको अभ्यास



पहाडी काष्ठफल तथा फलफूल विकास आयोजना (NAFHA), गण्डकी प्रदेशद्वारा सञ्चालित कृषक पोषण पाठशालाअन्तर्गत मर्स्याङ्दी गाउँपालिका–९, महथोकमा व्यावहारिक सिकाइ जारी रहेको छ।

पाठशालाको १३औं हप्तामा कृषकहरूले काउली, बन्दा, ब्रोकाउली, सिमी, धनियाँ, मुला, गाँजरलगायतका तरकारी बाली उत्पादनसँगै पोषणसम्बन्धी व्यावहारिक ज्ञान तथा सीप हासिल गरिरहेका छन्।

## स्वास्थ्य संस्थाहरूको वार्षिक समीक्षा सम्पन्न




मर्स्याङ्दी गाउँपालिका स्वास्थ्य शाखाअन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका कार्यक्रम तथा गतिविधिहरूको पालिकास्तरीय वार्षिक समीक्षा सम्पन्न भएको छ।

२०८३ असोज ६ गते गाउँपालिका अध्यक्ष अर्जुन गुरुङको अध्यक्षतामा सम्पन्न समीक्षा कार्यक्रममा उपाध्यक्ष जुनामाया थापा, विभिन्न वडाका अध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेल लगायतको सहभागिता रहेको थियो।

प्रदेश जनस्वास्थ्य कार्यालयका ल्याब टेक्निसियन निरोजकुमार श्रेष्ठ तथा जनस्वास्थ्य अधिकृत कपिल सिग्देलको समेत विशेष उपस्थिति रहेको कार्यक्रममा स्वास्थ्य संस्थाहरूको वार्षिक प्रगति, सेवा प्रवाह, उपलब्धि, चुनौती तथा आगामी कार्यदिशाका विषयमा समीक्षा गरिएको थियो।

# बेंसीसहर-चामे सडकखण्ड मर्मत तथा पुनर्निर्माणसम्बन्धी महत्वपूर्ण बैठक सम्पन्न



बेंसीसहर—चामे सडकखण्डअन्तर्गत टारेकुना—च्याम्चेसम्मको सडक मर्मत तथा पुनर्निर्माणलाई प्रभावकारी बनाउने विषयमा महत्वपूर्ण बैठक सम्पन्न भएको छ।


मर्स्याङ्दी/डादी करिडोर तथा मनाङ जिल्लामा निर्माणाधीन एवं निर्माण सम्पन्न विभिन्न जलविद्युत् आयोजनाका सञ्चालक तथा प्रतिनिधि, सरोकारवाला समिति, जनप्रतिनिधि तथा सम्बन्धित क्षेत्रका स्थानीयवासीहरूको सहभागितामा सम्पन्न बैठकमा सडकको अवस्था, मर्मत तथा पुनर्निर्माणका लागि आवश्यक सहकार्य र जिम्मेवारी बाँडफाँटका विषयमा गहन छलफल गरिएको हो।




मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङको अध्यक्षतामा २०८३ असोज ५ गते अध्यक्षकै कार्यकक्षमा सम्पन्न बैठकले टारेकुना—च्याम्चे सडकखण्डको मर्मत तथा पुनर्निर्माणलाई व्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउन विभिन्न जलविद्युत् कम्पनीहरूलाई निश्चित सडकखण्ड तथा कार्यको जिम्मेवारी तोक्ने महत्वपूर्ण निर्णय गरेको छ।

सडकखण्डको नियमित मर्मत, पुनर्निर्माण तथा आवागमनलाई सहज र सुरक्षित बनाउने कार्यमा जलविद्युत् आयोजना, स्थानीय सरकार, सरोकारवाला निकाय तथा स्थानीय समुदायबीचको सहकार्यलाई थप प्रभावकारी बनाउने विषयमा समेत बैठकमा जोड दिइएको थियो।

बेंसीसहर—चामे सडक लमजुङ र मनाङलाई जोड्ने महत्वपूर्ण यातायात मार्ग भएकाले यसको दिगो संरक्षण, नियमित मर्मत तथा सुरक्षित आवागमनका लागि सम्बन्धित सबै पक्षको साझा जिम्मेवारी र निरन्तर सहकार्य आवश्यक रहेको बैठकले निष्कर्ष निकालेको थियो ।










**Website URL : marsyangdimun.gov.np**

**Facebook URL : https://www.facebook.com/marsyangdirm**

**Email: marysangdirm@gmail.com / info@marsyangdimun.gov.np**